नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

फोन नं. : ५३४७९१२
५३४३९३९

बबरमहल
काठमाडौं, नेपाल।

पत्र संख्याः २०८३/०८४
च.नं. :

## प्राकृतिक विपदपश्चात दैनिक उपभोग्य वस्तु तथा सेवाको आपूर्ति सहजिकरण सम्वन्धी अत्यन्त जरुरी सूचना

मिति २०८३ भदौ १० गते रसुवा भएर बग्ने भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले पुऱ्याएको ठूलो जनधनको क्षतिप्रति यस विभाग गहिरो दुख व्यक्त गर्दछ रयस विपदबाट मृत्युवरण गर्नुहुने व्यक्तिहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछ। यस्तो विनासकारी विपदको समयमा पूर्ण सतर्कता अपनाई धैर्यताका साथ थप क्षति हुन नदिन हामी सबै सचेत तथा सक्रिय हुन जरुरी छ र यस संकटको घडीमा विपद प्रभावितहरुलाई सहयोग गर्न उद्योगी, व्यवसायी र आम उपभोक्तामा विभाग हार्दिक अनुरोध गर्दछ। विपदजन्य संकटमा परेका व्यक्ति तथा परिवारलाई पहिलो प्राथमिकतामा राखी खासगरी खाद्यान्न तथा औषधी उपचार सहज रुपमा उपलब्ध गराउन, जोखिमयुक्त स्थानमा रहेका बस्ती, पसल तथा गोदामहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न तथा स्थानीय प्रशासन र स्थानीय तहसँग समन्वय गरी अत्यावश्यक वस्तुको आपूर्ति तथा वितरण कार्यलाई सुव्यवस्थित गर्नसमेत विभाग हार्दिक अनुरोध गर्दछ।

कठिन समयमा केही व्यक्ति तथा संस्थाहरुले कालोबजारी, कृत्रिम अभाव, मूल्यवृद्धि लगायतका गैरकानूनी क्रियाकलाप गरी विपद् प्रभावित स्थानहरुमा दैनिक उपभोग्य वस्तु र सेवाको सहज आपूर्ति, उचित मूल्य, परिमाण, शुद्धता र गुणस्तरमा समेत प्रतिकूल प्रभाव पार्न सक्ने सन्दर्भ समेतलाई दृष्टिगत गरी विभाग तथा स्थानीय प्रशासनबाट निरन्तर निगरानी हुने नै छ । कसैले यस्ता क्रियाकलाप गरी उपभोक्ताको अधिकारमा प्रभाव पारेमा वा प्रभाव पार्न लागेको सूचना प्राप्त गरेमा विभागको वेवसाइटमा रहेको गुनासो पोर्टल वा QR Code वा हटलाइन नं. ११३७ वा विभागको इमेल gunaso.banijyabibhag@gmail.com वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा गुनासो/उजुरी गर्न सकिने व्यवस्था गरिएको छ। बजारमा भएको वा हुनसक्ने अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलापहरुको सूचना दिई विपद्को समयमा आपूर्ति सहजीकरण तथा बजार स्वच्छता कायम राख्न सहयोग गरिदिनु हुन विभाग सम्बद्ध सबैमा हार्दिक अपिल गर्दछ। यदि कसैवाट कानून विपरितका क्रियाकलाप गरे गराएको पाइएमा कानून वमोजिम कडा भन्दा कडा कारवाही भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

अन्त्यमा, विनासकारी विपदजन्य घटना पश्चातको संवेदनशील अवस्थामा विपदबाट प्रभावितहरुलाई सहयोग गर्न तथा आपूर्ति प्रणाली सुचारु गर्दै बजार स्वच्छता कायम राखी विपद् व्यवस्थापनमा सहयोग गर्न विभाग सवैमा हार्दिक अनुरोध गर्दछ।

मितिः २०८३।०५।१०

प्रवक्ता
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग